# नवजात शिशुलाई जन्म पश्चात नोमिनल खाता संचालन सम्बन्धी

# कार्यविधि २०७९

नवजात शिशुलाई जन्म पश्चात नोमिनल खाता संचालन सम्बन्धी कार्यविधि २०७९

## मोलुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा, ओखलढुङ्गा ।

विधेयक समिति बाट स्वीकृत मिति २०७९ श्रावण २५

## नवजात शिशुलाई जन्म पश्चात नोमिनल खाता संचालन सम्बन्धी कार्यविधि २०७९

गाउँकार्यपालिका बाट स्विकृत मितिः प्रमाणिकरण मितिः

प्रस्तावनाः मोलुङ गाउँपालिका विकट भौगोलिक क्षेत्र तथा अधिकांश भूगोलमा यातायतको सहज पहुँच नरहेको साथै स्वास्थ्य शिक्षाको क्षेत्रमा अझैपनि जनचेतनाको स्तर न्यून रहेको र मोलुङ गाउँपालिकाका नवजात शिशुको उज्वल भविष्यको निर्माणमा सामाजिक सुरक्षा कोष अवधारणलाई सहजता ल्याउन साथै संविधान प्रदत्त हकलाई समेत मध्यनजर राखी यस गाउँपालिका भित्रका नवजात शिशुहरुलाई जन्म पश्चात बचतमा सहभागिता कार्यक्रम सञ्चालन गर्न वाञ्छनिय भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(२) अनुसार मोलुङ गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद – १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ यो कार्यविधिको नाम (१) : "नवजात शिशुलाई जन्म पश्चात नोमिनल खाता सञ्चालन सम्बन्धि कार्यविधि, २०७९" रहेको छ

(२) यो कार्यविधि मोलुङ गाउँपालिका गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति देखी लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "स्थानीय तह" भन्नाले मोलुङ गाउँपालिका सम्झनु पर्छ।

(ख) "गाउँपालिका" भन्नाले मोलुङ गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले मोलुङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(घ) "उपाध्यक्ष" भन्नाले मोलुङ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(ङ) "वडा अध्यक्ष" भन्नाले मोलुङ गाउँपालिका अन्तर्गतका वडा अध्यक्षको पदमा निर्वाचित व्यक्ति वा सो पदमा रही कार्य गर्न तोकिएको व्यक्ति सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले मोलुङ गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "वडा समिति" भन्नाले गाउकार्यपालिकाको वडा समिति सम्झनु पर्छ ।

(ज) "सभा" भन्नाले गाउँपालिकाको सभा सम्झनु पर्छ ।

(झ) "नवजात शिशु" भन्नाले वच्चा जन्मिएको २८ दिन-भित्रको शिशुलाई सम्झनु पर्छ ।

(ञ) "नोमिनल खाता" भन्नाले नबजात शिशुलाई गाउँपालिकाले तोकेको बैक बाट खाता खोली दिएको बैक खाताको नाम र नम्बरलाई सम्झनु पर्दछ ।

(ट) "सिफारिस समिति" भन्नाले नोमिनल खातामा रकम जम्मा गर्न सिफारिस समितिलाई जनाउने छ ।

### परिच्छेद २

### उद्देश्य

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्

(क) स्थानीय तहमा बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्धनका लागि कानूनी,तथा शैक्षिक भविश्यको निर्माण गर्न ।

(ख) स्थानीय तहमा बालवालीकाको उज्वल भविष्यको लागी सामाजिक सुरक्षा कोषको रुपमा वचत गर्ने बानिको विकास गर्न।

(ग) बालबालिमाथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अवहेलना, वेवास्ताको अन्त्यका लागि बहुपक्षीय समन्वय तथा सहकार्य स्थापित गर्ने।

## परिच्छेद ३

## नबजात शिशुलाई जन्म पश्चात जम्मा हुने बचत रकमको लक्षित वर्ग र क्षेत्रहरु

४. मोलुङ गाउँपालिका वाट उपलब्ध गराईने नवजात शिशु बचत रकम लक्षित वर्ग र सुम्भाब्य क्षेत्रहरुः मोलुङ गाउँपालिकाबाट उपलब्ध गराईने नवजात शिशु बचत रकम लक्षित वर्ग र सम्भाब्य क्षेत्रहरु देहाय बमोजिम हुनेछन् ।

(क) गर्भवती भई स्वास्थ्य संस्थामा नियमित रूपमा नेपाल सरकारले तोकेबमोजिम कम्तिमा आठ पटक गर्भ जाँच गराएका गर्भवती महिलाहरुबाट जन्मेका नवजात शिशुहरु।

(ख) प्रसूति सेवा बर्थिङ सेन्टर बाट लिएका तथा बर्थिङ सेन्टरवाट सुविधा सम्पन्न अस्पतालमा प्रेषण गरी जन्मिएका नवजात शिशुहरु ।

(ग) नेपाल सरकारको नियमानुसार साथै आमा सुरक्षा कार्यक्रममा तोकेबमोजिम कम्तिमा ३ पटक पोष्टनेटल केयर सेवा मोलुङ गाउँपालिकाका स्वास्थ्य संस्थावाट लिएका नवजात शिशुहरु ।

(घ) मोलुङ गाउँपालिका भित्र जन्म भएका वा मोलुङ गाउँपालिकाका स्वास्थ्य संस्थाबाट सुरक्षित प्रसूतिको लागि रेफर भएका गर्भवति आमा बाट जन्म भएका नवजात शिशुहरुलाई मात्र नवजात शिशुको खातामा रकम उपलब्ध गराईने छ ।

## परिच्छेद ४

## रकम वितरण प्रकृया

५ आवश्यक कागजातहरुः

१ वच्चा जन्मिएको ३५ दिन भित्र  निम्न कागजात सहित मोलुङ गाउँपालिकामा अनुसूचि १ बमोजिमको निवेदन पेश गर्नु पर्नेछ ।

(क) जन्म दर्ताको प्रमाण पत्र तथा वडा कार्यलयको सिफारिस पत्र

(ख) स्थानिय स्वास्थ्य चौकीको सिफारिस पत्र

(ग) अभिभावकको नागरिकताको प्रतिलिपि

(घ) गाउँपालिकाले तोकेको बैक खाताको चेकको प्रतिलिपि

२ दफा ५(१) अनुसार प्राप्त निवेदनको आधारमा गाउँपालिकाले नवजात शिसुको नोमिनल खातामा रू ५,०००।- (अक्षेरुपि पाँच हजार मात्र ) रकम जम्मा गरिनेछ ।

६ सिफारिस समितिः

१. नवजात शिशुको खातामा रकम जम्मा गर्नको लागि देहाय बमोजिमको सिफारिस समिति रहनेछः

(क) संयोजकः- गाउँपालिका अध्यक्ष,

(ख) सदस्यः- प्रमुख प्रशासकिय अधिकृत

(ग) सदस्यः-स्वास्थ्य शाखा प्रमुख,

(घ) सदस्यः-महिला तथा बालबालिका प्रमुख,

(ङ) सदस्य सचिवः- प्रशासन शाखा प्रमुख

२. दफा ६ (१) बमोजिमको समितिको बैठक महिनामा १ पटक बस्नेछ । तर उक्त समितिको बैठक महिनाको २ पटक भन्दा बढी आवश्यकता अनुसार बस्न रोक लगाएको मानिने छैन ।

३. दफा ५ (१) अनुसार प्राप्त निवेदनको दफा ६ (१) को समितिले मूल्यांकन गरी रकम जम्मा गर्न सिफारिस गर्नु पर्नेछ ।

परिच्छेद ५

## प्रतिवेदन तथा अभिलेख

७. मोलुङ गाउँपालिकाबाट त्रैमासिक र बार्षिक रूपमा बितरण भएका नवजात शिशुको नोमिनल खातामा जम्मा भएको रकमको विवरण मोलुङ गाउँपालिकाको कार्यपालिका बैठक समक्ष पेश गर्नु पर्नेछ । साथै यसको विवरण मोलुङ गाउँपालिकाको वेवसाईट तथा सूचना पार्टीबाट प्रकाशित गरिनेछ ।

परिच्छेद ६

## खाताको रकम सञ्चालन सम्वन्धि व्यबस्था

८. नवजात शिशूको नाममा गाउँपालिकाबाट उपलब्ध गराईएको आर्थिक सहायता बापत् को रू ५,०००।- निजको उमेर १६ बर्ष पुरा नभए सम्म निकाल्न नमिल्ने गरि वित्तिय संस्थाहरुले सहजिकरण गर्नुपर्नेछ ।

९. नवजात शिशुको खातामा जम्मा भएको रकम कुनै कारणबस बच्चाको असामयीक निधन भएमा निजको संरक्षक वा अभिभाबकले उक्त रकम परिचालन गर्न सक्नेछ ।

परिच्छेद ७

## लेखापरिक्षण सम्वन्धि व्यबस्था

नवजात शिशुलाई जन्मप्रमाण नोमिनल खाता संचालन सम्बन्धी कार्यविधि २०७९

१०. नवजात शिशूको नाममा गाउँपालिकाबाट उपलब्ध गराईएको आर्थिक सहायताको लेखापरिक्षण प्रचलित कानून बमोजिम गाउँपालिकाले गर्ने आन्तरिक लेखापरिक्षण तथा महालेखा लेखापरिक्षण मार्फत गराउनु पर्नेछ ।

## परिच्छेद ८

## कार्यविधिको व्याख्या संशोधन तथा अनुसुची थपघट

११. यस कार्यविधिको आवश्यक व्याख्या संशोधन तथा अनुसुची थपघट गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

नवजात शिशुलाई जन्म पश्चात नोमिनल खाता संचालन सम्बन्धी कार्यविधि २०७९

अनुसुचि १

परिच्छेद ४ को दफा ५ सँग सम्बन्धित

गाउँपालिकालाई पेश गर्नु पर्ने निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मोलुङ गाउँकार्यपालिकाको कार्यालय,
प्राप्चा, ओखलढुङ्गा ।

<u>बिषयः- खातामा रकम जम्मा गरी पाउँ ।</u>

प्रस्तुत बिषयमा यस मोलुङ गाउँपालिका वडा नं. ........ निवासी ........................................... को छोरा/छोरी ........................................................... को मिति ........................................... गते ........................................................... स्वास्थ्य संस्थामा नवजात शिशुको जन्म भएको हुँदा मोलुङ गाउँपालिका भित्रका नवजात शिशुलाई जन्म पश्चात रू ५,००० सहितको नोमिनल खाता खोली नवजात शिशुलाई जन्म पश्चात नोमिनल खाता सञ्चालन सम्बन्धि कार्यविधि, २०७९ अनुसार तपसिल बमोजिमको खातामा रकम जम्मा गरिदिनु अनुरोध सहित यो निवेदन पेश गर्दछु ।

खातावालाको नामः
खाता नं.
बैंकको नामः

...................................................
निवेदक

नवजात शिशुलाई जन्म पश्चात नोमिनल खाता संचालन सम्बन्धी कार्यविधि २०७९